
# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## धरान उपमहानगरपालिका ,सुनसरी प्रदेश नं १

# GESI Audit Report

## Dharan Sub-Metro Municipality




**प्रतिवेदन पेश गरिएको निकाय:प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी,झापा प्रदेश नं.१**

प्रतिवेदन तयार गर्ने:

स्वतन्त्र विज्ञ

अरुणा थारु

रीमा बि.सी भण्डारी

**संयोजन धरान उपमहानगरपालिकाको कार्यालय धरान, सुनसरी प्रदेश नं १**

बिषय सूची

परिचय खण्ड
१.पृष्ठभूमी
२.अध्ययनको महत्व
३ .लैससास परिक्षणको उद्येश्य
४ .लैससास परिक्षणले समेटिएका क्षेत्रहरु
५ .लैससासका बिधि र तरिका
तथ्याँङ्क प्रस्तुतिकरण खण्ड
६.तथ्याँङ्क प्रस्तुतिकरण र ब्याख्या बिभिन्न तालिकाहरुमा
बिश्लेषण खण्ड
७. लैससास बिश्लेषण औजारहरु
८ .तथ्याँङ्क तुलनात्मक अध्ययन तथा बिश्लेषण
मुख्य उपलब्धीहरु
९.लैससास परिक्षण बिधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण.अवस्था
९.१ प्रशिक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अङ्कहरुको लेखाजोखा
९.२ लैससासको माकुरे जालो
१० उपमहानगरपालिका सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु
११. लैससास विकास कार्ययोजना
निश्कर्ष
सुझाव
१२. अनुसुचिहरु
अनुसूचि १ **Swot Analysis**
अनुसूचि २ कार्ययोजना
अनुसूचि ३ सहभागिकरुको खण्डिकृत तथ्याङ्क
अनुसूचि ४ कार्यक्रमका फोटोहरु

१.पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा वर्गीय,जातिय,क्षेत्रिय,भाषिक,लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्न संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक,भाषा, तथा संस्कृतिको हक, महिला, बालबालिका, दलित आदिको हक सामाजिक न्यायको हक, ज्येष्ठनागरीकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्बन्धी धाराले समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बनधी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार सम्पति तथा परिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा,स्वास्थ्य,रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसरी नै संविधानमा महिला विरुद्ध हुने अन्य हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्दनीय हुने व्यवस्था गरेको छ ।

समानताको हक अन्तर्गत सामाजिक र साँस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ ।

यसैगरी सोही दफाको उपदफा (३) पालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवद्र्घन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दीगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप–लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जवन यापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको दुरत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोही पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारी मार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो । जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ यो क्रसकटिङ सवाल हो ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६÷०७७–२०८०÷०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति

(ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शीर्षकका रुपमा राखिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहँुचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको देखिन्छ ।

धरान उपमहानगरपालिकाको परिचय

पुर्वाञ्चल विकास क्षेत्रमा अवस्थित धरान उपमहानगरपालिका, नेपालकै एक सुन्दर तथा विविध सांस्कृतिक विविधता भएको सहर हो । यो प्रदेश नं १ को सुनसरी जिल्लामा पर्छ । यस नगर पालिकाको पूर्वमा केराबारी गाउँपालिका, पश्चिममा बराहनगरपालिका,उत्तरमा साँगरीगढी गाउँपालिका तथा दक्षिणमा रामधुनी गाउँपालिका र ईटहरी उपहानगरपालिका पर्दछ ।

महाभारतकालीन ईतिहास बोकेको र पछिल्लो समयमा किरात राजधानीको रुपमा रहेको विजयपुर धरान नगरको शिर हो । विजयपुरको ईतिहास खोतल्दा सतिदेविको दन्त पतन भएको किम्वदन्ति र दन्तकाली मन्दिरको अवस्थिति एवं ५०० वर्ष पहिले बंगालका राजाले जिर्णोद्धार गरेको पिण्डेश्वर मन्दिरको अभिलेखहरुबाट यो स्थान पुरातात्विक, पौराणिक एवं ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेको छ । हालको आधुनिक धरान सहर रहेको स्थानमा सुरुमा घना जङ्गल रहेको र सो जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरुले तयार गर्ने गरेको धरान (धराप) बाट नै आजको धरान सहरको नामकरण भएका े भन्ने भनाई छ । विजयपुरमा धेरै अघिदेखि बसोबास भएको भएता पनि वि.स. १९५० तिर घना जङ्गल फँडानी गरेर समतल क्षेत्रमा सानो बस्तीबाट सुरुवात भएको धरान, वि.स. १९५९ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले चन्द्रनगर (हाल पुरानो बजार) र वि.स. १९९० तिर श्री ३ जुद्ध शमशेरले जुद्ध नगर (हालको नयाँ बजार) बसालेको इतिहासमा पाइन्छ । वि.स. २०१० सालमा पूर्वाञ्चलको लागि ब्रिटिस गोर्खा भर्ती केन्द्र धरानमा स्थापना भए पछि मुख्य रुपमा धरानमा बसोबास तथा चहलपहल बढेको पाइन्छ । वि.स. २०१७ सालमा धरान नगरपालिका घोषित भएको

धरान, वि.स. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कोशी अञ्चलको सदरमुकाम

समेत घोषित भएको थियो । सुरुमा ११ वडाहरू मात्र रहेको धरानलाई वि.स. २०३५ सालमा पूर्वतर्फ रहेको बाँझगरा गाउँ पञ्चायत र पश्चिम तर्फ रहेको घोपा गाउँ पञ्चायतको केही क्षेत्रलाई गाभेर क्षेत्र विस्तार गरी १९ वडामा विभाजन गरिएकोमा २०७१ वैशाख २५ गतेको मन्त्रिपरिषद् को निर्णय अनुसार पाँचकन्या गा.वि.स. लाई पनि धरान

नगरपालिकामा गाभी २३ वडा कायम गरियो । २०७१ मंसिर १६ गते नेपाल सरकार (मन्त्रीपरिषद् ) को निर्णय अनुसार विष्णुपादुका गा.वि.स.लाई धरान नगरपालिकामा गाभेर २७ वडा कायम गरि धरान नगरपालिकालाई उपमहानगरपालिका घोषित गरिएको हो । संघीय पुनर्संरचना आयोगको निर्णयानुसार वर्तमान धरान फेरि २० वटा वडामा पुनर्संरचित भएको छ ।

विविध जाति तथा जनजातिहरूको बसोबास स्थल र कला, साहित्य, संस्कृति तथा खेलकुदको क्षेत्रमा ख्याति प्राप्त धरान हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर सहरको रूपमा विकास हुँदै पूर्वाञ्चलको मात्र नभइ नेपालकै नमुना नगरपालिका बन्न प्रयासरत छ । धरान उपमहानगरपालिकाको परिचय उल्लेख गर्ने सन्दर्भमा देहाय अनुसारकाविषयहरुको वस्तुगत विवरणलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

## २.अध्ययनको महत्व

यस धरान उपमहानगरपालिकाले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणले पालिकाको लैससास क्षेत्रलाई प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । पालिकाले वस्तीस्तरबाट योजनाहरुको छनौट देखि प्राथमिकिकरण हरेक चरणहरुमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तरगत कार्यान्वयन गरिनु पर्ने क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याउनको लागि पनि लैससास परिक्षणको आवश्यकता रहेको छ । नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । तत् सन्दभमा यस धरान उपमहानगरपालिकाले तर्जुमा गर्ने निति, कार्यक्रम तथा बजेट, बार्षिक योजना तर्जुमा प्रकृया, आयोजना व्यबस्थापन तथा कार्यान्वयन, र अनुगमन तथा मुल्याङ्कन गर्ने क्रममा संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्वन गरेको राष्ट्रिय तथा प्रादेशिक निति बमोजिम तय भएका लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि कार्यक्रमहरुको कार्यावन्यन के कस्तो अवस्थामा रहेको छ, के कस्ता पक्षहरु राम्रा छन्, के कस्ता पक्षहरु सुधार गर्नु पर्ने हुनसक्छ र कस्ता

खालको कार्यक्रमहरु तर्जुमा गर्दा लैससास सम्बन्धि सवालहरु सम्बोधन गर्न सकिन्छ भनेर योजनाबद्व कार्ययोजना बनाएर अधि बढ्नको लागी यस धरान उपमहानगरपालिकाले ससासको हालको अवस्था मुल्याङ्कन तथा पहिचान गर्न स्व–लेखाजोखा गर्न आवश्यक ठहर गरेको छ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशी करण परीक्षणका उद्देश्यहरु

- नेपालको संबिधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा भएको लैङ्गिक समानता सामाजिक समावेशीकरण परिक्षण निर्देशिका २०७६ ले व्यवस्था बमोजिम स्थानीय तहले अङ्गिकार गरेको नीतिगत व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको स्व–लेखाजोखा गर्न ।
- धरान उपमहानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक सामाजिक समावेशीकरण मुलप्रवाहकिरण भए नभएको तथा लैससास आन्तरिकणका लागि गरिएका प्रयास र प्रतिबद्धताको मूल्यांकन गर्ने
- लैङ्गिक समानता तथा सामाजिक सामाजिक समावेशीकरणको लक्ष्यलाई धरान उपमहानगर पालिकाको नीति, रणनीति र कार्ययोजनाहरुमा बिशेष प्रामिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा माविय श्रोतको सुनिश्चित गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक सामाजिक समावेशीकरण परिक्षणको आधारमा धरान उपमहानगरपालिकाको समस्या तथा चुनौतिहरुको पहिचान गरी सो को सामाधान सम्बोधनका लागि कार्ययोजना तर्जुमा गर्ने
- धरान उपमहानगरपालिकाको ऐन, नियम, नियावली, निति तथा कार्यक्रमहरुलाई लैससास मैत्री बनाउन तथा गरिरहेका कामहरुलाई लैससासका दृष्टिले सम्बोधन गर्ने।

## ४ लैससास परीक्षणले समेटने क्षेत्रहरु

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा उपमहानगरपालिकाले बनाएका उपलब्ध विभिन्न दस्तावेजहरुको अध्ययन गरिएको थियो । यस पमहानगरपालिकालाको नीति तथा कार्यक्रम, बार्षिक योजना तथा विभिन्न क्षेत्रगत कार्यक्रमहरुले लैससास क्षेत्रलाई कतिसम्म सम्बोधन गरेको छ भनेर अध्ययन गरिएको थियो । यसै गरि लैङ्गिक समानताको सिद्धान्त, समविकासको सिद्धान्त, समावेशीकरणको सिद्धान्त तथा लैङ्गिक उत्तरदायित्वको सिद्धान्तलाई उपमहानगरपालिकाको नीति तथा कार्यक्रमबाट आत्मसात गरिएको वा गरिनु पर्ने विषयहरुको अध्ययनको क्रममा खोजी भएको थियो । लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यबिधि २०७८ ले तोकेका मूल विषय क्षेत्रहरु तपसिल बमोजिम रहेको छ ।

(१)नीति, कानुन र योजना

- नीति रकार्यमा समावेशी सहभागिता
- योजना तर्जुमा तथा कार्यान्वयन
- बजेट तर्जुमा तथा कार्यान्वयन

(२)संस्थागत व्यवस्था

- कर्मचारी पदाधिकारी प्रतिनिधित्व
- कार्यप्रणाली समावेशी
- ड्समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
- बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता
- तथ्याङ्क संकलन तथा ब्यवस्थनपन

(३) मानव संसाधन तथा क्षमता विकास

- मानव संसाधन तथा क्षमता विकास
- अनौपचारिक मूल्यमान्यता र कुसस्कार बिरुद्ध जनचेतना
- कानुनी साक्षता
- बिपतब्यवस्थापनमा समावेशीता

(४)सेवा प्रवाह

- पूवाधार विकास
- प्रजनन् स्वास्थ्य
- शिक्षा कार्यक्रम
- खानेपानी तथा सरसफा
- स्वरोजगार तथा आयआर्जन
- बजार ब्यवस्थापन

(५) सुशासन तथा उत्तरदायित्व

- सुशासन
- उत्तरदायित्व जवाफदेहिता

- सूचना तथा संचार
- अनुगमन तथा मूल्याङ्कन
- समन्वय सम्बन्ध बिस्तार

  यी माथी उल्लेख गरेका क्षेत्रहरु लैससास अन्तर्गत पर्दछन् ।

## ५ लैससास परीक्षणको विधि र तरिका

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि यस धरान उपमहानगरपालिकासँग प्रारम्भिक समन्वय पश्चात पालिकासँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण निर्देशिका २०७८ मा उल्लेख भए अनुसार ३ वटा चरणहरु पार गरि कार्य सम्पन्न गरिएको छ । जसलाई निम्न अनुसार चरणबद्ध उल्लेख गरिएको छ ।

तयारी चरणमा सर्वप्रथम सहजकर्ताहरुबाट प्रमुख प्रशासकीय अधिकृत र उपप्रमुखसँग अन्तरक्रिया तथा छलफल गरि लैससास परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो साथै लैससास मैत्री कार्यदल र कार्यान्वन समिति चयन गरिएको थियो । सोही क्रममा निर्देशिकामा उल्लेख भए अनुसार धरान उप महानगरपालिका उपप्रमुख श्री मन्जु भण्डारी सुवेदी ज्यूको नेतृत्वमा ५ सदस्यीय कार्यदल गठन गरि लैससास परिक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण तयारीका कामहरु सम्पन्न गरिएको थियो । कार्यदलका संयोजक तथा सदस्यहरुको नाम तल उल्लेख गरिएको छ ।

| क्र. स | नाम | पद |
|---|---|---|
| १ | मन्जु भण्डारी | संयोजक |
| २ | गीता पाखिन | सदस्य |
| ३ | जमुना त्रिखत्री मात्तान | सदस्य |
| ४ | सर्मिला शाक्य | सदस्य |
| ५ | सावित्रा परियार | सदस्य |
| ६ | लक्ष्मी प्रसाद पौड्याल पदेन सदस्य(प्र.प्र.अ.) | सदस्य |

त्यस्तै गरी धरान उपमहानगरपालिकाका प्रमुख श्री तिलक राई ज्यूको संयोजकत्वमा ९ सदस्य लैससास कार्यान्वयन समिति गठन गरिएको थियो । जसको काम उपमाहनगरपालिकामा लैससास कार्यान्वयनको अवस्थाको विश्लेषण गर्ने र कार्यानवयनमा जोड दिने रहेकोछ ।

| क.स | नाम | पद |
|---|---|---|
| १ | नगर प्रमुख तिलक राई | संयोजक |
| २ | मन्जु भण्डारी | सदस्य |
| ३ | लक्ष्मी प्रसाद पौड्याल | सदस्य |
| ४ | हिरा देवी राई | सदस्य |
| ५ | लिला गुरुङ्ग | सदस्य |
| ६ | कैलाश अग्रवाल | सदस्य |
| ७ | मिना पुलामी | सदस्य |
| ८ | सपना राई | सदस्य |
| ९ | निर्मला नेपाल शर्मा | सदस्य |

त्यसैगरी लैससास परिक्षण दुई दिने कार्यशाला संचालनको दौरानमा ५ मुल बिषयमा सहभागिहरुलाई ५समुहमा बिभाजित गरिएको थियो । ती समुहका सहभागिहरु तपसिल रहेका छन् ।

(१)नीति, कानुन र योजना

- मन्जु भण्डारी
- लक्ष्मी प्रसाद पौड्याल
- निरमाया बिश्वकर्मा
- गीता पाख्रीन

(२) संस्थागत ब्यवस्था

- बाबुलाल लामा◌ा
- गण्◌ेश खतिवडा
- पल्पना थापा
- साबित्री परियार
- चुनु थापा मगर

(३)मानव संसाधन तथा क्षमता विकास

- प्रज्ञा देवी निरौला
- उमेश मेहेता

- देव कुमारी बिश्वकर्मा
- गंगा खापुङ्ग
- जमसना त्रिखत्री मोक्तान

(४) सेवा प्रवाह

- भुवन सिंह बस्नेत
- जनार्दन कोइराला
- जुनु राई
- लिला गुरुङ्ग
- निर्मला बस्नेत

(५)सुशासन तथा उत्तरदायित्व

- धुर्व अधिकारी
- पारस राई
- सब्रिना शाक्य
- चुनु थापामगर

यि समुहका सहभागिहरुले आफ्नो कुन बिषयमा कति काम भएका छन् भनि स्वमूल्याङ्कन गर्दै अङ्क प्रदान गर्ने काम गरेका थिए ।

## ६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणका सहभागीहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यशालामा धरान उपमहानगरपालिकाका प्रमुख श्री तीलक राई उपप्रम प्रमुख श्री मन्जु भण्डारी सुवेदी प्रशासकिय अधिकृत श्री लक्ष्मी प्रसाद पौंड्याल लगायत वडा अध्यक्षहरु, कार्यपालिका महिला सदस्यहरु, दलित महिला सदस्य धरान उपमहानगरपालिकाका बिभिन्न शाखाका प्रमुख गरी जम्मा ३५ जनाको सहभगितामा मिति २०७८ साल फाल्गुन १५ र १६ गते कार्यक्रम संचालन भएको थियो । सहभागिहरुको खण्डिकृत तथ्याङ्क अनुसूचि ३ मा राखिएको छ ।

तथ्याङ्क प्रस्तुतिकरण खण्ड

७. तथ्याङ्क प्रस्तुतिकरण र ब्याख्या बिभिन्न तालिकाहरुमा

धरान उपमहानगरपालिकाको लैससासको अवस्था

| राष्ट्रिय जनगनना २०६८ | |
|---|---|
| **जम्मा जनसंख्या** | **१३७,७०५** |
| पुरुष | ६४,६७१ |
| महिला | ७३०३४ |
| **घरधुरी संख्या** | **३२,६९३** |

यहाँ बसोबास गर्ने बिभिन्न धर्मालम्बी

| हिन्दु | किराँत | बौद्ध | क्रिश्चियन | इस्लाम | प्रकृति | जैन | शिव | बोन | वहाई | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७९,५०७ | ३२,४२४ | १५,९७२ | ७,०१३ | १,८१२ | ३१९ | ८५ | १५ | ९ | २ | ५४७ | १३७ ७०५ |
| ५७.७४ | २३.५५ | ११.६० | ५.०९ | १.३२ | ०.२३ | ०.०६ | ०.०१ | ०.०१ | ०.०० | ०.४० | १०० |

राष्ट्रिय जनगणना २०६८ अनुसार १,३७,७०५ जनताको बसोबास यस उपमहानगरपालिकामा गर्दै आएका छन् । यहाँ साक्षरता दर ९३.६२ प्रतिशतरहेको छ जसमा पुरुष साक्षरता दर ९७.०८ र महिला साक्षरता दर ९०.७१ रहेको छ । त्यसैगरी यस नगरपालिकामा जम्मा विविध किसिमका अपाङ्गता भएको ब्यक्तिको संख्या १६७९ रहेकोमा पुरुष ८६७ छन् भने महिला ८१२ रहेका छन् । उपमहानगरपालिकामा खास गरी सामाजिक रुपले पछि परेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने भन्ने रहेको छ । सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम–समुन्नत उपमहानगरपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ । यसरी हेर्दा उपमहानगरपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ । संक्षेपमा उपमहानगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन । यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ । अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन । केन्द्रीय तथ्याङ्क विभागको

तथ्याङ्कअनुसार उपमहानगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ । जसमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी


९३.८४ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको प्रयोग गर्नेको संख्या १.१५ प्रतिशत देखिन्छ । त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने ०.५८ प्रतिशत, नदी तथा खोलाको पानी प्रयोग गर्ने ०.३६ प्रतिशत देखिन्छ । विविध जाति तथा जनजातिहरूको बसोबास स्थल र कला, साहित्य, संस्कृति तथा खेलकुदको क्षेत्रमा ख्याति प्राप्त धरान हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर सहरको रूपमा विकास हुँदै पूर्वाञ्चलको मात्र नभइ नेपालकै नमुना नगरपालिका बन्न प्रयासरत रहे ता पनि लैससासको दृष्टिले अझै धेरै काम गर्नु बाँकी छ ।

धरान उपमहनगरपालिकामा कार्यशाला प्रस्तुतिकरण गर्ने क्रममा बिभिन्न तालिकाहरुमा छलफल गरिएको थियो । लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि कार्यविधिमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल शीर्षक विषयवस्तु र ती विषयवस्तुका २२वटा उपशीर्षक र १०० वटा सुचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा पूर्णाङ्क अर्थात १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरिएको हुँदा अंक प्रदान गर्ने प्रणाली व्यवस्थित एवम् वैज्ञानिक थियो । सहभागिहरुले दिएको अङ्क अनुसार धरान उपमहानगरपालिकाको लैससासको अवस्था १०० पूर्णाङ्गमा ५७.५ सहभागिहरुले दिएका छन् । जसलाई तलका तालिकाहरुमा उल्लेख गरिएको छ । ५ मुल बिषय मध्ये सवै भन्दा धेरै अङ्क सेवा प्रवाहले प्राप्त गरेको छ । सवै भन्दा कम अङ्क सुशासनले प्राप्त गरेको अवस्था छ । सेवा प्रभाहको पाटोमा प्रमाणित गर्ने धेरै दस्तावेजहरु भएको कारण नम्बर उकालो लागेको दखियो ।


| क्र.स. | मुल बिषय शिर्षक | पूर्णाङ्क | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति, कानुन | २० | १४ |
| २ | संस्थागत ब्यवस्था | २० | ९.५ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | ९.५ |
| ४ | सेवा प्रवाह | २० | १७ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | ७.५ |
| कुल जम्मा प्राप्त गरेको अङ्ग ५७.५ | | | |


| सूचक | उप( सूचकहरु | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| १. निति, कानून, योजना | निति र कार्यमा समावेशिता सहभागीता | ८ | ४ |
| | योजना तर्जुमा तथा कार्यन्वयन | ८ | ६ |
| | बजेट तर्जुमा तथा कार्यन्वयन | ४ | ४ |
| | जम्मा | २० | १४ |
| २.संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| | कार्यप्रणाली समावेशि | ४ | २.५ |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | १ |
| | तथ्यङ्क संकलन तथा व्यवस्थापन | ४ | २ |
| | जम्मा | २० | ९.५ |
| ३. मानव संसाधन तथा क्षमता बिकास | मानव संशाधन तथा क्षमता विकास | ८ | ४.५ |
| | अनौपचारिक मुल्यमान्यता र कुसंस्कार विरुद्द जनचेतना | ४ | २ |
| | कानुनी साक्षरता | ४ | १ |
| | विपद व्यवस्थापनमा समावेशिता | ४ | २ |
| | जम्मा | २० | ९.५ |
| ४ सेवा प्रवाह. | पूर्वधार विकास | ४ | ३ |
| | प्रजनन् स्वास्थ्य | ४ | ३.५ |
| | शिक्षा कार्यक्रम | ४ | ४ |
| | खानेपानी तथा सरसफाइ | ४ | ४ |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २.५ |

| | | | |
|---|---|---|---|
| | जम्मा | २० | १७ |
| ५. सुशासन तथा उत्रदायित्व | सुशासन | ४ | १.५ |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ | १.५ |
| | सुचना तथा संचार | ४ | २ |
| | अनुगमन तथा मुल्याङ्कन | ४ | १.५ |
| | समन्वय र सम्बन्धविस्तार | ४ | १ |
| | जम्मा | २० | ७.५ |
| कुल जम्मा | १०० | ५७.५ | |




सहायक बिषयहरुमा स्तम्भ चित्र बिश्लेषण


स्तम्भ चित्र
नीति र कानूनमा...
योजना तर्जुमा तथा...
बजेट तर्जुमा तथा...
कर्मचारी पदाधिकारी...
कार्य प्रणाली समावेशी
समिति, उपसमिति र...
वित्त व्यवस्थापन...
तथ्याङ्क सङकलन तथा...
मानव संसाधन तथा...
अनौपचारिक मूल्य,...
कानूनी साक्षरता
विपद् व्यवस्थापनमा...
पूर्वाधार विकास
प्रजनन् स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाइ
स्वरोजगार तथा आय...
सुशासन
उत्तरदायित्व र...
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध...
अङ्क
प्राप्ताङ्क




**(ङ) सवल पक्षसुधारात्मक पक्ष, अवसर र चुनौतीहरुको क्धइत् ब्लबथिकष्क**

धरान उपमहानगरपालिको क्धइत् ब्लबथिकष्क गर्दा लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकामा भएका अभ्यासहरुमा सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरिएको थियो । सो समुहले बिश्लेषण गरेको तालिकाहरु अनुसूची १ मा राखिएको छ ।

**(च) कार्ययोजना तयार**

लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षणमा अनुसार आगामी दिनमा गर्ने कार्ययोजना तयार

माकुरी जालोमा प्राप्त परिणामका आधारमा सवल पक्षहरुलाई अझ राम्रो गर्दै जाने र सुधार गर्नु पर्ने पक्षलाई समेट्ने गरि बार्षिक कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा गर्नु पर्ने काम, जिम्मेवारी, समय र लागत अनुमान गरिएको छ ।  उपमहानगरपालिकाले तयार गरेको कार्ययोजना अनुसूचि २ मा राखिएको छ

**(छ) प्रतिवेदन तयारी**

सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो भने सो माकुरी जालो सहभागीहरुले प्रस्तुत गरेर सवल पक्ष र सुधारात्मक पक्षहरुलाई औल्याइ सवल पक्षहरु के के रहे त्यसलाई यथावत राखी राम्रोसँग अगाडि बढाउन र सुधारात्मक पक्षहरुलाई कार्यान्वय गर्नका लागि काम, जिम्मेवारी, समय सीमा र अनुमानित लागतको आधारमा कार्ययोजना तयार गर्ने काम सम्पन्न गरियो । सो आधारमा समग्र लैंङ्गिक परिक्षणको प्रक्रियालाई दस्तावेजीकरण गर्ने उद्देश्यले कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन तयार गरियो ।

**९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा बिश्लेषण**

धरान उपमहानगरपालिकाको सहभागिहरुले बिश्लेषण गरि दिएको अङ्कहरुलाई प्रमाणिकरणको लागि बार्षिक योजना तथा कार्यक्रमहरुको अध्ययन गरिएको थियो । सो दस्तावेजहरुमा लैससास बिषयमा सामाजिक विकास शाखा मार्फत धेरै क्रियाकलापहरु गरेको पाइयो तर निदृष्ट रुपमा लैससास शब्द खासै उल्लेख गरेको देखिएन । गरिएको क्रियाकलापको आधार र दस्तावेज समिक्षाको आधारमा १०० पूर्णाङ्कमा यस महानगरपालिकाको लैससासको अवस्था ५७.५ आउनुलाई सामान्य मात्र मान्न सकिन्छ तर कतिपय सूचकहरुमा राम्रो काम भएको र १ अङ्क प्राप्त गर्ने आधारहरु पनि नपाइएको कारण अङ्क कम भएको हो ।

छोटो अवधीको अवलोकनमा यस गउपमहानगरपालिकाको बिबिध जातजातीको बाहुल्ताको बाधारमा कर्मचारीहरु काम गरेको पाइयो जसमा महिला सहभागिता सन्तोष जनक रहेको पाइयो ।

**१०.मुख्य उपलब्धीहरुः**

क धरान उपमहानगरपालिकाका जनप्रतिनीधि तथा कर्मचारीहरुले धरान उपमहानगरपालिकाको स्वमूल्यांकन गरि समुहकार्यबाट लैसाससाको अवस्था बिश्लेषण गरेका छन् । जसमा धरान उपमहानगरपालिकाको लैससासको अवस्था १०० पूर्णाङ्कमा ५७.५ नतिजा निकालेका छन् ।

ख. धरान उपमहानगरपालिकाका जनप्रतिनीधि कर्मचारीले संयुक्त रुपमा लैससास २०७८÷७९ कार्ययोजना तयार गरेको छन ।

ग. बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको ब्यवस्था एकीकृत रुपमा तयार भएको ।

घ.धरान उपमहानगरपालिकामा पहिलो पटक अध्यक्षको संयोजनमा लैससास कार्यन्वयन समिति तथा उपाध्यक्षको संयोजनमा लैससास कार्यदल गठन भएको छ ।


११.लैससास परिक्षण बिधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिम समावेशीकरण अवस्था

११.१ परिक्षण पश्चात प्रमुख सुचकहरुले पा्रस गरेको अङ्कहरुको लेखाजोखा

परिक्षण पश्चात ५ मुल बिषयहरुको अङ्क बिश्लेषण गर्दा नीति, कानुन र योजनामा १४ र सुशासन तथा उत्तरदायित्वमा ७.५ अङ्क प्राप्त भएपनि यसलाई सन्तोष जनक मान्न सकिदैन पतिपय सूचकहरुमा अङ्क पाप्त भएको छैन किन की अङ्क दिने आधारहरु प्राप्त भएको छैन । त्यसैगरी संस्थागत ब्यवस्थामा ९.५ र मानव संसाधन तथा क्षमता विकासमा पनि ९.५ अङ्क प्राप्त गरेको छ । ५ मुल शिर्षक मध्ये सेवा प्रभाहमा सवै चन्दा धेरै अङ्क प्राप्त भएको छ । २० पूर्णाङ्कमा १७ अङ्क प्राप्त गरेको अवस्था छ । सेवा प्रवाहमा क्रियाकलाप पनि भए प्रमाणित गर्ने दस्तावेज पाइएको कारण धेरै अङ्क पा्रप्त भएको हो । सेवा प्रवाहको धेरै सूचकहरुमा राम्रा कामहरु भएको पाइयो ।

त्यसो त सेवा प्रवाहमा १ अङ्क प्राप्त गरेका धेरै सूचकहरु पनि छन् । ती सूचकहरुमा प्रजनन स्वास्थ्य, परिवार नियोजन, शिक्षा कार्यक्रम र छात्रा मैत्री बिद्यालय १÷१ प्राप्त गरेका छन् ।

११.२ लैससास नतिजाको माकुरेजालो




## १२. धरान उपमहानगरपालिकाको सवल पक्षहरुः

(क) लैससासमा धेरै क्रियाकलाहरु संचालन भएका छन् । आगामी दिनहरुमा लैससासको शब्द चयन भएमा अङ्क बढ्ने सुनिच्चित छ ।

(ख) उपमहानगरपालिकाको लैससास परीक्षणको अवस्थालाई विश्लेषण गरेर हेर्दा लैससासको दृष्टिले यो पालिकामा कामहरु थोरै भएका छन् । दस्तावेजिकरणको हिसावले सन्तोषजनक रहेको छ । पालिकाको नीति बार्षिक योजना तथा बजेटको कार्यान्वयन र स्वास्थ्यनीति स्वास्थ्य नि िित जस्ता महत्वपूर्ण दस्तावेजहरु पालिकाले निर्माण गरेको छ ।

(ग) पालिकमा सवै किसिमका जातजाती र भाषाभाषीहरुले काम गर्ने अवसर पाएका छन् ।

(घ) बिपन्न तथा अल्पसंख्यकहरुको लागि कार्यक्रम तथा योजनाहरु बनाउनु

(ङ) बालबालिकाको लागि लगानी योजना बनाउनु

(च) महिलाहरुको लागि सेफ हाउस निर्माण हुनु

(छ) बालमैत्री नगर घोषणा

(ज) बालबालिको लागि रणनीतिक योजना तयार हुनु ।

(झ) मुस्लिम समुदायको क्षमता विकासको लागि बजेट बिनियोजन हुनु

(ञ) लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षमता विकासको लागि बजेट बिनयिोजन हुनु

१३.सुधार गर्नु पर्ने पक्षः

(क) योजनाहरु निर्माण गर्दा लैससासको दृष्टिकाणले बनाउनु पर्ने देखियो

(ख) भौतिक पूर्वाधार तथा संरचनाहरु लैससास मैत्रि बनाउनु पर्ने

(ग) पालिकाले बिपन्न समुदायको लगि बिशेष कार्यक्रमहरु संचालन गर्नु  पर्ने जसले गर्दा उनीहरुलाई मुल प्रवाहमा ल्याउन सकियोस

(घ) पालिकाले लैससास नीति बनाएर कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।

(ङ) नीति, योजना र कार्यक्रमहरु लैससास मैत्री बनाउनु पर्ने

(च) धरान उपमहानगरपालिका र धेरै जनसंख्या भएको कारण लैससासको हेर्ने छुट्टै युनिट खडा गर्नु पर्ने

१४.सुझाव

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणले औंलाएको पाटो भनेको स्थानिय तहले आफ्नै मातहतका कर्मचारी तथा जनप्रतीधिहरुलाई लैससास बिषयमा दक्षता हासिल गरानु पर्दछ । जनप्रतिनिधि र कर्मचारीबीच समन्वय र सहकार्यलाई बढाउदै लैजाने । लैससासको दृष्टिकोणले सहभागितामा जोड दिदै नीति, कानून तथा कार्यक्रम निर्माण गर्दा लैससासमैत्री निर्माण गरी सबैले मुलधारमा आउन सक्ने अवसर जुटाउने
- लैससासको बिषय महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले हर्ने हुँदा समय दिन नसक्ने कारण लैससासको छुट्टै डेक्स राखु पर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका कमीकमजोरीहरुलाई एकीकृत योजना बनाएर अगाडी बढ्नुपर्ने ।

- पालिकामा सम्पन्न गरिएका कार्यक्रमहरुलाई अनिवार्य रुपमा अभिलेखिकरण दस्तावेजिकरण गर्नुपर्ने ।

१४.निश्कर्षः

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण स्थानीय तहमा लैससासको अवस्था कस्तो रहेको छ । पछाडी परेको र पारिएको समुदायको अर्थपूर्ण सहभागीताको अवस्था के कस्तो रहेको छ भनेर मापन गरी त्यसको लेखाजोखा गर्ने प्रकृया सम्पन्न गरिएको छ । पालिकाको लैससास परीक्षणको अवस्थालाई विश्लेषण गरेर हेर्दा दस्तावेजिकरणको हिसावले सवै बिषयमा त्यति सन्तोषजनक मान्न सकिदैन । पालिकाको समग्र अवस्थालाई विश्लेषण गरी अध्ययन गर्दा सेवा प्रवाहको अवस्था सन्तोष जनक मान्न सकिन्छ भने

सुशासन तथा उत्तरदायित्वको अवस्था अलिक कमजोर रहेको छ । यस पालिकामा नीति,कानून तथा योजनामा मध्यम खालको अभ्यास भएको देखिन्छ । पालिकाले लैससास सम्बन्धी केही राम्रा काम गरेको देखिन्छ । शिक्षा, स्वास्थ्य र महिला बालबालिको क्षेत्रमा उल्लेखनिय काम गरेको देखियो पालिकाको लैससास परिक्षण गर्दा  तर अभिलेखिकरण र दस्तावेजिकरणको अवस्था अझ सुधार गर्नृ पर्ने रहेको छ । पालिकाले गरेका हरेक कार्यक्रमहरुको अभिलेखिकरणलाई जोड दिन आवश्यक छ ।

अनुसूची १

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण २०७८ धरान

सवलपक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु

परिक्षण मिति ः २०७८÷११÷१५ र १६

| मुल शीर्षक | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौती |
|---|---|---|---|---|
| **निति, कानून र योजना** | १.१.३ =१<br>स्थानिय तहमा आफ्ना कानुमा लैससनस भएको<br>१.१.६ =१<br>महिला तथा बन्चिती करणमा परेका माथी सुनुवाइ भएको<br>१.१.७ =१<br>समान कामको समान ज्याला प्रतिज्ञा पत्र जारी गरेको<br><br>१.२.१=१<br>बर्षिक विकास कार्यकममा समावेश गरेको<br>१.२.२ =१<br>नीति तथा कार्यकम ४० प्रतिशत<br>१.२.३=१ | १. १.१ =०.५<br>स्थानिय नीत तथाकानुको मस्यौदा तयार गर्ने<br>१.१.२ =०<br>स्थानिय तहले आफ्ना नीति तथा कानुनमा लैससासको दृष्टिले हर्ने<br>१.१.४ =०<br>लैगिक बिभेद अन्त्य गर्न अलग्गै र्नीतिहर बनाउनु पर्ने<br>१.१.५ =०<br>लक्षित बर्ग लगायत सवै किसिमको हिंसा अन्त्य गर्न चेतनामुलक कार्यकम संचालन गर्ने<br>१.१.८ =०<br>रैथाने श्रमजिवि कामदारहरुलाई बिभेद रोक्न कार्यकमहरु संचालन गर्ने | • कानून मस्यौदा समिति ( विधायन मस्यौदा समिति)<br>• महाशाखाहरु<br>• शिक्षा ऐन<br>• विपत व्यवस्थापन ऐन<br>• एकीकृत सहरी विकास योजना<br>• वार्षिक वजेट, नीति तथा कार्यक्रम<br>• स्थानीय विपत तथा जलवायु उत्थानशील योजना<br>• उपभोक्ता समिति सञ्चालन कार्यविधि | कार्यविधिको अभावले प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गर्न<br>• सामाजिक समावेशीकरण नीतिको अभावले कार्यक्रम तर्जुमा गर्न समस्या |

| | | | | |
|---|---|---|---|---|
| | सहभागि सूचिफोटो र स्वीकृत बार्षिक कार्यक्रम<br>१.२.६=१<br>२०७७/७८को नीति तथा कार्यक्रम<br>१.२.७=१<br>नीति योजना तथा बार्षिक विकास कार्यक्रम<br>१.३.१=१<br>कार्यक्रम संचालन निर्णय पुस्तिका<br>१.३.४=१<br>लक्षित समुहको लागि कार्यक्रम संचालन गरेको | १.२.४=०.५<br>महिला तथा लक्षित बर्गको लागि कार्यक्रम संचालन गर्ने<br><br>१.२.५=०.५<br>महिला तथा पुरुषको छुट्टाछुट्टै अवस्था बिश्लेषण गर्ने<br>१.२.८=०.५<br>लक्षित बर्गको सहभागिताको लागि कार्यक्रम संचालन गर्ने<br>१.३.२=०<br>लैससास बजेटको व्यवसथा गर्ने<br>१.३.३=०<br>लैससास सुधार गर्न<br>आर्थिक योजना पेश गर्ने | | |
| **संस्थागत व्यवस्था** | २.१.२ = १<br>महिलाहरुको प्रतिनिधित्व हुने खालको कायक्रम संचालन गरेको<br>२.२.२ = १<br>• विभिन्न विषयगत समितिहरु<br><br>२.२.४ = १<br>कार्यान्वयन समितिको सुझाव दिएको पुस्तिका<br>२.३.१ = १<br>स्थानिय तहले निर्णय गरेको पुस्तिका | २.१.१ = ०.५<br>निर्णय गर्दा सवै जातजातीको पहुँच पुग्ने कार्यक्रमहरु संचालन गर्ने<br>२.१.३ = ०.५<br>सकारात्मक बिभेदको रणनीति बनाउने<br>२.१.४ = ०.५<br>क्षमता विकास सम्बन्धि कार्यकमहरु संचालन गर्ने<br>२.२.१ = ०.५<br>महिला पुरुष बिचको असानता हटाउन जन चेतना मुलक कार्यकम संचालन गर्ने | • ४०० जना कर्मचारी<br>• निर्वाचित जनप्रतिनिधि<br>• कार्यपालिका<br>• महाशाखाहरु/ शाखाहरु<br>• विभिन्न विषयगत समितिहरु<br>• २० वटा वडा कार्यालयहरु<br>• वार्षिक नीति तथा कार्यक्रमहरु<br>• वार्षिक विकास कार्यक्रमहरु<br>• लैंगिक फोकल पर्सन<br>• धरान प्रज्ञा प्रतिष्ठान<br>• नगर शिक्षा समिति | • स्थानीय सेवा आयोगको गठन<br>• स्थानीय सेवामा महिला कर्मचारी पहुँच बढाउनु<br>• नीति योजना निर्माण तहमा महिलाको सहभागिता बढाउनु |

| | | | | |
|---|---|---|---|---|
| | २.४.२ = १<br>बर्षिक विकास कार्यक्रमहरु<br>२.४.३ = १<br>आर्थिक बार्षिक कार्यक्रम संगठन र संरचना<br>२.५.४ = १ | २.२.३ = ०.५<br>समिति उपसमितिहरुमा बन्चितीकरणमा समुदायको प्रतिनिधित्व हुने खालका कार्यक्रमहरु संचालन गर्ने<br>२.३.२= ०.५<br>बन्चितीकरणमा परेका महिलाहरुको हित हुने किसिको कार्यक्रम संचालन गर्ने<br>२.३.३ = ०.५<br>बन्चितीकरणमा परेका महिलाहरुका नीतगत कार्यक्रमहरु संचालन गर्ने<br>२.३.४= ०.५<br>समिति उपसमिति सुझाव अनुरुपका कार्यक्रम संचालन गर्ने<br><br>२.४.१ = ०.५<br>महिलाहरुको लागि नेतृत्व तथा शिप विकास सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने<br>२.४.४ = ०.५<br>समावेही बजेट सम्बन्धि सूचनाहरु जारी गर्ने<br>२.५.१ = ०<br>सूचना तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहुँच पुग्ने खालका कार्यक्रमहरु संचालन गर्ने<br>२.५.२ = ० | • नगर विपत व्यवस्थापन समिति | |
| **मानव संशाधन तथा क्षमता विकास** | ३.१.१ = १<br>नीति तर्नुमाको माइनुट<br>३.१.२ = १एकीकृत सहरी विकास | ३.१.४= ०<br>लक्षित बर्गको क्षमता अभिबृद्धि गर्ने कार्यकमहरु संचालन गर्ने | • मनव संशाधन तथा क्षमता विकास योजना<br>• वार्षिक वजेट तथा कार्यक्रम | • पर्याप्त वजेट विनियोजन नहुनु<br>• करार |

| | | | | |
|---|---|---|---|---|
| | योजना नेतृत्व विकास तालिमको हाजिरी<br><br>३.१.३= १नेतृत्व विकास तालिम<br><br>३.१.५= १<br>३.१.७ = १<br>बर्षिक विकास कार्यकमहरु<br>३.२.१ = १<br>कार्यकम सम्पन्न प्रतिवेदन<br><br>३.४.२= १ | ३.१.६ = ०.५<br>शखा र इकाइको व्यवस्था हुनेखालका कार्यकमहरु संचालन गर्ने<br>३.१.८= ०<br>बेइजिङ घोषणा पत्र सम्बन्धि जनचेतना कायेकमहर संचालन गर्ने<br>३.२.२= ०<br>लैगिक हिंसा मुक्त हुने खालका कार्यकमहर संचालन गर्ने<br>३.२.३ = ०.५<br>सवैकिसिमको हिसा निवारण हुने खालका कार्यकमहर संचालन गर्ने<br>३.२.४= ०.५<br>हानिकार रितिरिवाज बिरुद्ध कार्यकम संचालन गर्ने<br>३.३.१ = ०<br>मुलुकी संहिता बिषयमा कार्यकम संचालनगर्ने<br>३.३.२ =<br>३.३.३ = ०.५<br>सससकिय सम्बन्धि कार्यकम संचालनगर्ने<br>३.३.४ = ०<br>अभिमुखिकरण कार्यकम संचालन गर्ने<br>३.४.१= ०<br>महिलाहरुको लागि कानुनी सचेतना कार्यकम संचालन गर्ने<br>३.४.३= ०.५<br>बिपत व्यवस्थापन सम्बन्धि कार्यकम संचालन गर्ने<br>३.४.४= ०.५ | • एकीकृत सहरी विकास योजना<br>• नेतृत्व विकास तालिम<br>• सीप विकास तालिम<br>• अवलोकन भ्रमण<br>• कम्प्युटर तालिम<br>• कानूनी सचेतना सम्बन्धी कानून | कर्मचारीको व्यवस्थापन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | ाबिपत व्यवस्थापन कोषको स्थापना गर्ने<br>४.१.१= ०.५<br>लक्षित बर्गको पहुँच पुग्ने खालका संरचनाहरु बनाउने नीति बनाउने | | |
| **सेवा प्रवाह** | ४.१.३=१<br>४.२.३=१<br>अपाङ्ग नक्शा पास गरेको<br>४.२.४=१<br>महिलाहरुको मात्र उपभोक्ता समिति गठन<br><br>४.३.१=१<br>नीति बनेको<br>४.३.२=१<br>कार्य सम्पन्न प्रतिवेदन<br>४.३.४=१<br>नीतिकार्यकम तथा बजेट पारित<br>४.४.२=१<br>उपभोक्ता समिति गठन महिलाहरुको सहभागि भएको हाजिरी<br>४.५.१=१<br>नीति कार्यकम तथा बजेट<br>४.२.२=१<br>लगत तयार भएको | ४.१.१=०.५<br>महिलाहरु हितकोलागि बैकल्पिक उर्जा तथा सुधारिएको चुल्हेको लागि कायकर्म तय गर्ने<br>४.१.२=०.५<br>गर्भवति तथा सुत्केरी महिलाहरुको लागि सचेतना मुलक कार्यकमहरु संचालन गर्ने<br>४.१.४=०.५<br>महिलाहरुलाई बैकल्पिक उर्जा प्रयोग गर्न प्रोतसहन गर्ने<br>४.२.१=०.५<br>प्रजनन स्वास्थ्य सम्बन्धि नीति बनाएर कार्यकम संचालन गर्ने<br>४.४.१=०.५<br>४.४.३=०.५<br><br>४.५.३=०<br>४.५.४=०<br>४.५.२=०.५ | • नगरिक वडापत्र जारी गरिएको<br>• डिजिटल डिसप्ले<br>• महिलाहरुको मात्र उपभोक्ता समिति गठन<br>• सहायता कक्ष<br>• नीति तथा कार्यक्रम | • अपाङ्ग मैत्री कार्यालय भवन निर्माण गर्नु<br>• घुम्ती सिविर सञ्चालन<br>• सार्वजनिक शौचालयहरु अपाङ्गमैत्री र महिलामैत्री बनाउनु<br>• सार्वजनिक कार्यालयमा स्तानपान कक्षको निर्माण<br>• गर्भवती महिलाहरुलाई जोखिमयुक्त र खतरापूर्ण काममा संलग्नता घटाउनु<br>• कार्यालय तथा |

| | | | | |
|---|---|---|---|---|
| | ४.३.३=० <br> साक्षरता अभियान संचालन <br> ४.४.४=० <br> नीति तथा कार्यक्रम | | | सार्वजनिक स्थलहरुमा सफा पिउने पानी र हात धुने व्यवस्था |
| **सुशासन तथा उत्तरदायित्व** | ५.१.१=१ <br> नीति तथा कानुनहरु बनेको <br> ५.१.२=१ <br><br> ५.१.४=१ <br> नीति तथा कार्यक्रमहरु <br> ५.२.१=१ <br> आर्थिक विकास कार्यक्रमको प्रतिवेदन <br> ४.३.१=१ <br> वार्षिक नीति तथा कार्यक्रम <br> ५.३.३=१ <br> सूचनाको सार्वजनिकरण <br><br> ५.४.२=१ <br> समिक्षा बैठकको निर्ण तथा प्रतिवेदन <br> ५.४.३=१ <br><br> ५.५.१=१ <br> स्थानिय तहको बार्षिक नीति <br> ५.५.२=१ <br> संजाल निर्माणको निर्णय <br> ५.५.३=१ <br> संजाल प्रतिनिधिहरुको विवरण | ५.१.३=०.५ <br> बेइजिङ घोषण पत्र सम्बन्धि अनुशिक्षण कार्यक्रम ंचालन गर्ने <br> ५.२.२=०.५ <br> बेलाबेलामा सार्वजनिक सुनुवाईहरु संचालन गर्ने <br> ५.२.३=० <br> सार्वजनिक सुनुवाई लक्षित बर्गको पहँच हुने गरि कार्यक्रम संचालन गर्ने <br> ५.२.४=० <br> ५.३.२=०.५ <br> सूचनाहरु प्रसारण हुदा स्थानिय भाषाहरुको प्रयोग गर्ने नीतिहरु बनाउने <br> ५.३.४=० <br> सूचना शिक्षा दिने खालका कार्यकहरु संचालन गर्नु पर्दछ। <br> ५.४.१=०.५ <br><br> ५.४.४=० <br> महिला बिरुद्ध हुने सवै किसिमकोभदभाव उन्मुलन गर्ने महा संन्धि सम्बन्धि काय्रक्रम चालन गर्ने <br> ५.५.४=० | • नगरिक वडापत्र <br> • वार्षिक नीति तथा कार्यक्रम <br> • खर्च मापदण्ड कार्यविधि <br> • इन्धन लक बुक <br> • सामाजिक परीक्षण गर्ने गरिएको <br> • सार्वजनिक सुनुवाइ <br> • वार्षिक समीक्षा गोष्ठि <br> • पत्रकार सम्मेलन <br> • सूचनाको सार्वजनिकरण <br> • जन प्रतिनिधि र कर्मचारीको सम्पति विवरण <br> • तालिम नम्स | • वार्षिक रुपमा लैङ्गिक परीक्षण गर्नु <br> • बेइजिङ घोषणापत्रका प्रतिवद्धताहरु अक्षरस कार्यान्वयन <br> • सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सूचनाको सार्वजनिकरण कार्यक्रमहरुमा लक्षित समूहको प्रतिनिधित्व गराउनु <br> • स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता नबन्नु |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण २०७८ कार्ययोजना

मितिः १०७८।१। १५ र १६ गते


सहभागिहरुको खण्डिकृत तथ्याङ्क

| स्न. | पुरा नाम | पद | संस्था | लिङ्ग Sex | सामाजिक समावेशता Social Inclusion | क्षेत्र (Area) | अक्षमता Disability | कैफियत Remarks फो न |
|---|---|---|---|---|---|---|---|---|
| १. | तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | पु | जनजाती | पहाडी | | ९८५२०४५६०० |
| २. | मन्जु भण्डारी सुवेदी | उपप्रमुख | उपमहानगरपालिका | म | ब्रामण | पहाडी | | ९८४२०५८१९८ |
| ३. | लक्ष्मी प्रसाद पौडेल | प्र.प्र.अ | उपमहानगरपालिका | पु | ब्रामण | पहाडी | | ९८५२०७३१११ |
| ४. | बाबु लाल लामा | वडा ध्यक्ष | वडा ११ | पु | जनजाती | पहाडी | | ९८४२०५२८५८ |
| ५. | बिनिता बज्राचार्य | कापा स | वडा नं १२ | म | जनजाती | पहाडी | | ९७४२०९१९५१ |
| ६. | डे कुमारी बिक | दलित महिला स. | वडा नं ६ | म | दलित | पहाडी | | ९८०६३४५३५६ |
| ७. | चुनु थापामगर | महिला स. | १२ | म | जनजाती | पहाडी | | ९८४२१६५३४० |
| ८. | गीता पाखीन | महिला सदस्य | वडा नं ७ | म | जनजाती | पहाडी | | ९८४२१७३७९२ |
| ९. | भक्तीराज शर्मा | कर्मचारी | उप.म. न. पा. | पु | ब्रामण | पहाडी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १०. | ध्रुवराज खड्का | कर्मचारी | उप.म. न. पा. | पु | क्षेत्री | पहाडी | | |
| ११. | उमेश मेहेता | कर्मचारी | उप.म. न. पा. | पु | मधेशी | तराई | | ९८५२६८१५१८ |
| १२. | जनार्दन कोइराला | कर्मचारी | उप.म. न. पा. | पु | ब्रामण | पहाडी | | |
| १३. | गंगा देवी खापुङ | कर्मचारी महिला बालबालिका शाखा | उप.म. न. पा. | पु | जनजाती | पहाडी | | ९८५२०५६७६८ |
| १४ | साबित्रा परियार | दलित महिला स. | वडा न.८ | म | दलित | पहाडी | | ९८०७०२४०३९ |
| १५ | मदन खनाल | कर्मचारी | उप.म. न. पा. | पु | ब्रामण | पहाडी | | |
| १६ | गंगा राई | न्नपा सदस्य | उप.म. न. पा. | म | जनजाती | पहाडी | | ९८४२२६०२७९ |
| १७ | निरमाया बिश्वकर्मा | दलित महिला स. | वडा न.१५ | म | दलित | पहाडी | | ९८४२१७४१६१ |
| १८ | पारस राई | पत्रकार | धरान १० | पु | जनजाती | पहाडी | | ९८६०८४२५४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१९** | भुवन सिंह बस्नेत | जनप्रतिनीधि | धरान | पु | क्षेत्री | पहाडी | | ९८४२०३८४३२ |
| **२०** | मनोज भट्राई | कर्मचारी | धरान | पु | ब्रामण | पहाडी | | |
| **२१** | सबिना शाक्य | महिला सदस्य | वडा न.९ | म | जनजाती | पहाडी | | ९८४२१६६७३५ |
| **२२** | जुनु राई | कर्मचारी | धरान उप म पा | म | जनजाती | पहाडी | | ९८४१९०६५०० |
| **२३** | जमुना त्रि खत्री मोक्तान | महिला सदस्य | वडा न.१८ | म | जनजाती | पहाडी | | ९८५२०३९६२१ |
| **२४** | लिला माया गुरुङ | महिला सदस्य | वडा न.१८ | म | जनजाती | पहाडी | | ९८१४३६७६३२ |
| **२५** | सुरज श्रेष्ठ | कर्मचारी | धरान | पु | जनजाती | पहाडी | | ९८५२०४५५६७ |
| **२६** | धुर्व अधिकारी | कर्मचारी | धरान उप म पा | पु | ब्रामण | पहाडी | | ९८५१२२५२८९ |
| **२७** | कल्पना थापामगर | का .पा सदस्य | वडा न.११ | म | जनजाती | पहाडी | | ९८४२१६५६२४ |
| **२८** | निर्मला बस्नेत | कर्मचारी | धरान उप म पा | म | क्षेत्री | पहाडी | | ९८५२०५५८२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **२९** | नेत्रप्रसाद काफ्ले | कर्मचारी | धरान उप म पा | पु | क्षेत्री | पहाडी | | |
| **३०** | प्रज्ञा देवी निरौंला | उप सचिव महिला | धरान उप म पा | म | ब्रामण | पहाडी | | ९८४१३८१३११ |
| **३१** | गणेश प्रसाद खतिवडा | कर्मचारी | धरान उप म पा | पु | ब्रामण | पहाडी | | ९८५२०४५४०० |
| **३२** | सेतु श्रेष्ठ | कर्मचारी | धरान उप म पा | पु | जनजाती | पहाडी | | ९८४२२इ९४८४ |
| **३३** | एनिका रानामगर | कार्यालय सहयोगी | धरान उप म पा | म | जनजाती | पहाडी | | ९८११०५०३१२ |
| **३४** | भेषराज घिमीरे | कर्मचारी | धरान उप म पा | पु | ब्रामण | पहाडी | | ९८४२०५१६९६२ |
| **३५** | रत्न बहादुर कट्वाल | वडा अध्यक्ष | वडा न.११ | पु | ब्रामण | पहाडी | | ९८४१३५८८४० |
| **३६** | खगेन्द्र खतिवडा | कर्मचारी | धरान उप म पा | पु | ब्रामण | पहाडी | | ९८५२०५६९७४ |




सहभागिहरुद्धारा निर्मित मुल बिषय शिर्षकको स्तम्भ चित्र



सहभागिहरु स्तम्भ चित्रमा  दनाउने क्रममा छलफल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | नगर बाल संजाल पुनर्गठन | १००[illegible]० | ८९२०० | १०८०० | २० वटै वडा बाल संजालको प्रतिनिधित्व रहेको १०२ जनाको सहभागितामा २१ सदस्यीय नयाँ नगर बाल संजाल पुनर्गठन भएको । | महिला ५९ जना<br>पुरुष ४३ जना |
| ९ | नगर स्तरीय बालभेला | १००००० | ० | १००००० | | |
| १० | बालबालिकाको रणनीतिक योजना निर्माण | २००००० | ० | २००००० | | |
| ११ | नगर बाल संरक्षण सम्वर्द्धन समितिको बैठक व्यवस्थापन | ८०००० | १२००० | ६८००० | | १ पटक संचालन भएको |
| १२ | बालकोष सुदृढीकरण | ५०००० | ० | ५०००० | | कोषमा रकम जम्मा गर्न छुट हुन गएको । |
| १३ | असहाय बालबालिकाको उद्दार तथा व्यवस्थापन | ५००००० | ० | ५००००० | | |
| १४ | बालबालिकाको प्रतिभा प्रस्फुटन तथा अभिमुखीकरण | २००००० | ० | २००००० | | |
| १५ | बालमैत्री नगर घोषणा | ७००००० | ० | ७००००० | | |
| १६ | बालभित्ते पत्रिका प्रकाशन तथा तालिम | १००००० | ० | १००००० | | |
| १७ | बालमैत्री अभिमुखीकरण | १७०००० | ४९१०० | १२०९०० | नयाँ गठन भएका बाल संजालका २४ जना बालबालिकाहरुलाई बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरु बारे जानकारी तथा अभिमुखीकरण गराएको। | महिला १८ जना<br>पुरुष ६ जना |
| १८ | बालबालिका र सामाजिक विकास कार्यक्रमको अनुगमन | ३००००० | १२००० | २८८००० | बालमैत्री वडा घोषणा हुन बाँकी रहेका वडाहरुमा अनुगमन गरिएको तत्पश्चात २ वटा वडा बालमैत्री घोषणा भएको | वडा नं ८ र १६ |
| (ग) | अन्य लक्षित तर्फ | | | | | |
| १ | आदिवासी जनजाति क्षमता विकास | १७००००० | १५७२१४१ | १२७८५९ | १२ वटा संस्थाले जातिय संस्कार, भाषालिपि, सामग्री भेषभुषा बनाउने सीप, लोकसेवा तयारी कक्षा संचालन र १ संस्थाले फुल नर्सरी तालिम संचालन | कोभिड लकडाउनका कारण जन गणना सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन हुन नसकेको (रु १२५०००।) |


धरानका मुख्य व्यक्तित्वहरुसगँ सत्र संचालन गर्दै सहजकर्ता





कार्यशालामा समाचार संप्रेसन

कार्यदल गठनका निर्णयहरु



आज मिति २०६८ साल फागुन १५ गतेका दिन लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिचित कार्यदल गठन गर्न कुश्मा नगरपालिका उपप्रमुख श्री मन्जु भण्डारी सुवेदीज्यूको संयोजकत्वमा तपसिलको उपस्थितिमा गठन गर्न तपसिलबमोजिम गर्ने निर्णय गरियो ।

उपस्थिति :

१. उपप्रमुख - मन्जु भण्डारी सुवेदी संयोजक

२. सदस्य - गिता पारियार

३. सदस्य - जमुना तिरुवा मौवताल [illegible]

४. [illegible] - सविता आचार्य

५. प्र. प्रशासकीय अधिकृत - लक्ष्मी प्रसाद पौडेल

६. सविता परियार

प्रस्ताव : १ - अरुणा थापा

गिता बि. सी.

१, लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन सम्बन्धमा ।

२, लैंगिक तथा समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनको लागि कार्यदल गठन गर्ने सम्बन्धमा

निर्णय नं. १ आजको बैठक गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको तालिम २०६८ साल फागुन १५ गते देखि १६ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ आजको लैंगिक तथा समानता तथा समावेशी करण सञ्चालनको लागि कुश्मा नगरपालिकाको उप प्रमुख श्री मन्जु भण्डारी सुवेदीको संयोजकत्वमा [illegible] ५ सदस्य रहने गरी तपसिल बमोजिम कार्यदल गठन गरियो ।